# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।०६।२४ गते

## प्रेस विज्ञप्ति

### आयोगको कार्यालय पोखराको नयाँ भवन शिलान्यास।

---

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, पोखराको नयाँ भवनको शिलान्यास आयोगका प्रमुख आयुक्त माननीय नवीनकुमार घिमिरेले आज विशेष कार्यक्रमका बीच गर्नुभयो ।

उक्त शिलान्यास कार्यक्रममा आयोगका प्रमुख आयुक्त घिमिरेले भ्रष्टाचार गर्नेसँग कुनै किसिमको सम्झौता हुन नसक्ने धारणा व्यक्त गर्दै यसलाई न्यूनीकरण गर्न नागरिक समाज, सञ्चार क्षेत्र, सरोकारवाला सबै निकायको सक्रिय सहयोग र साथको आवश्यकता छ भन्नुभयो ।

विकास निर्माणका आयोजनमा हुने ढिलासुस्ती र अनियमितता कुनै पनि हालतमा सहन नसक्ने उल्लेख गर्दै प्रमुख आयुक्त घिमिरेले आफ्नो जिम्मेवारीमा रहेका विकास निर्माणका कार्य समयमै सम्पन्न नगर्ने र गुणस्तरहीन सामाग्रीको प्रयोग गर्नेलाई आयोगले कारवाही गर्न कुनै कसर बाँकी राख्दैन भन्नुभयो । उहाँले यस विषयमा संवेदनशील भएर काम गर्न निर्माण व्यवसायी, कर्मचारी तथा सरोकारवाला सबैको ध्यानाकर्षण गराउँदै हाल कार्यान्वयनमा रहेका राष्ट्रिय गौरवका आयोजनहरुमा आयोगले विशेष निगरानी राखेको समेत जानकारी दिनुभयो ।

भ्रष्टाचार निवारणका लागि आयोगले प्रवर्द्धात्मक, निरोधात्मक र दण्डात्मक सहितको तीन खम्बे नीति अवलम्वन गरेको उल्लेख गर्दै प्रमुख आयुक्त घिमिरेले आयोजनाहरुको काम तोकिएको समयमै सम्पन्न गर्न सम्बन्धित सरोकारवालालाई ध्यानाकर्षण गराउनुभयो । उहाँले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाइ जनतालाई छिटो, छरितो रुपमा सेवा प्रवाह गर्न सम्बन्धित सरोकार निकायसँग आग्रह गर्नुभयो ।

आयोगको कार्यालय पोखराको उक्त भवन पोखरा महानगरपालिका वडा नं.७, मासबारमा ६ रोपनी १ दाम जग्गामा निर्माण हुनेछ । निर्माण कार्य २४ महिनामा सक्ने गरी आशिष/फेवा जे.भी. पोखरासँग रु.१२ करोड ०८ लाख ७६ हजार(भ्याटबाहेक)मा मिति २०७५ असार २५ गते सम्झौता भएको थियो ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता